# भोटेकोशी गाउँपालिका
# सिन्धुपाल्चोक

# क्षमता विकास योजना

(२०७९/०८० -२०८१/०८२)

**आर्थिक सहयोग**

प्रदेश सुशासन केन्द्र
वाग्मती प्रदेश

**प्राविधिक सहयोग**

आर.आई.एम.सी.- ईकोकोड नेपाल - जिईएस (जेभी)
काठमाडौं

**२०७९ जेष्ठ**

# विषय सूचि


परिच्छेद : १- परिचय .......... 1

१.१ पृष्ठभुमी .......... 1

१.२ गाँउपालिकाको परिचय .......... 2

१.३ क्षमता विकास योजनाको आवश्यकता र औचित्य .......... 4

१.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया .......... 5

१.५ क्षमता विकास योजनाका सिमाहरु .......... 5

१.६ कार्यकारी सारांश .......... 6

परिच्छेद :२ गाउँपालिकाको क्षमता विकास नीति तथा कार्यनिती .......... 8

२.१ क्षमता विकासका लागि गाउँपालिकाले अंगिकार गरेका नीतिहरु .......... 8

२.३ क्षमता विकासका लागि पछिल्ला तीन वर्षमा गरेको वजेट विनियोजन .......... 9

२.४ क्षमता विकाका लागी संचालित कार्यक्रमहरु .......... 9

परिच्छेद : ३ पालिकाको विद्यमान मानव तथा संस्थागत अवस्था .......... 10

३.१ गाउँपालिकामा विद्यमान मानव संसाधनको अवस्था .......... 10

३.२ गाउँपालिकाको समग्र संस्थागत विकासको अवस्था (सवल र सुधार गर्नुपर्ने पक्ष) .......... 11

३.३ कार्यालय पुर्वाधार तथा कार्यालय उपकरणको अवस्था .......... 12

३.४ विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल .......... 13

परिच्छेद : ४ क्षमता विकास योजनाको लक्ष्य तथा उद्देश्य .......... 20

४.१ क्षमता विकास योजनाको लक्ष्य .......... 20

४.२ उद्देश्य .......... 20

४.३ अपेक्षित नतिजा .......... 21

परिच्छेद : ५ क्षमता विकास आवश्यकता विश्लेषण .......... 22

५.४ विषय क्षेत्र अनुसार संस्थागत स्वमुल्यांकनमा कमजोर कार्यसम्पादन देखिएका क्षेत्रहरुको विश्लेषण .......... 25

५.५ संविधान प्रदत्त अधिकार र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण .......... 32

परिच्छेद : ६ क्षमता विकास योजनाका प्राथमिकताहरु .......... 34

६.१ जनप्रतिनीधी स्तर .......... 34

६.२ समिति तथा उप समिति गठन, परिचालन र कृयाशिलता .......... 35

६.३ कर्मचारी स्तर .......... 35

परिच्छेद : ७ त्रीवर्षिय क्षता विकास योजना (लक्ष्य , नतिजा र श्रोत) .......... 37

७.१ क्षमता विकास नीति .......... 37

७.२ क्षमता विकासका कार्यक्रमहरु .......... 38

परिच्छेद : ८ क्षमता विकास योजना कार्यान्वयन जिम्मेवारी तालिका .......... 44

परिच्छेद : ९ अनुगमन तथा मुल्यांकन .......... 48

९.१ क्षमता विकास योजना कार्यान्वयनवाट प्राप्त हुने प्रतिफल .......... 50

अनुसुचि १ : गाउँपालिकास्तरीय छलफल तथा अन्तरकृया वैठक उपस्थिति .......... 51

अनुसुचि २ : गाउँपालिका स्तरिय छलफल तथा अन्तरकृयाका तस्विरहरु .......... 52

अनुसुचि ३ : कार्यरत कर्मचारी विवरण .......... 54

# परिच्छेद : १- परिचय

## १.१ पृष्ठभुमी

नेपालको संविधान २०७२ ले व्यबस्था गरे अनुसार संघिय व्यबस्था कार्यान्वयनमा आएपछि गठन भएको स्थानीय सरकारलाई स्थानीय स्तरको बिकास निर्माणका लागि योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्राप्त भएको छ । यसै व्यवस्थालाई थप परिभाषित गरी स्थानीय सरकारलाई जिम्मेवरी बनाउनका लागि सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गरेको छ। यी सबै नीति नियमहरुले गाँउपालिकालाई राज्यको स्थानीय स्तरको कार्यकारी, ब्यवस्थापकीय र केहि न्यायिक अधिकार प्रदानगरी पुर्ण अधिकार र स्रोत सहितको स्थानीय सरकारको रुपमा स्थापना गरेको छ। यसरी स्थापना भएको गाँउपालिकाले जन्तालाई सरल, छिटो छरितो र जनताले सुशासनको अनुभुति गर्नेगरी विकास, निर्माण र सेवाप्रवाहको काम गर्नेछ भन्ने संवैधानिक परिकल्पना रहेको पाईन्छ । नेपालको संविधानले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको हुने र राज्यशक्तिको प्रयोग र उपभोग संविधान र कानुन वमोजिम हुने व्यवस्था गरेकोछ । तिनै तहका सरकारहरुका अधिकार क्षेत्र र काम कर्तव्यहरु संविधानमै व्यवस्था गरिएको छ जस अनुसार स्थानीय तहको एकल अधिकारको सुचि संविधानको अनुसुचि ८ मा उल्लेख गरिएकोछ भने संघ प्रदेश र स्थानीय तहका साझा अधिकारका सुचिहरु अनुसुचि ९ मा उल्लेख गरिएको छ । त्यसै गरि संघ प्रदेश र स्थानीय तहको सम्वन्ध सहकारीता, सह अस्तित्व र समन्वयको सिद्धान्तको आधारमा हुने संविधानमै व्यवस्था गरिदिएको छ ।

संघीयताको मेरुदण्डका रुपमा रहेको स्थानीय तह(सरकार) जनताको सवै भन्दा नजिकको सवै भन्दा वढी र सरल पहुंच भएको सराकर हो यसर्थ यस प्रति नागरिकहरुका आशा अपेक्षा पनि त्यत्तिकै छन । नागरिक हरुको सेवामा सरल र सहज पहुंच स्थापित गर्नुका साथै स्थानीय तहहरु आफैमा सवल र सक्षम हुन जरुरी छ । जसका लागी हरेक स्थानीय तहहरुको संरचनात्मक संस्थागत क्षमता र मानवसंसाधनको क्षमता विकास हुन जरुरी छ । क्षमता भनेको कुनै व्यक्ति संस्था, निकाय वा संगठनको कुनै काम गराउन वा नगराउन प्रयोग गर्न पाउने अधिकार हो र विकास त्यस्तो प्रकृया हो, जसअनुसार कुनै वस्तुको आफ्नो आरम्भिक सामान्य अवस्थाबाट विस्तारै-विस्तारै बढ्दै सुधार हुँदै पुर्ण अवस्थामा पुग्दछ । विकासलाई अन्य विषयसँग जोडेर हेर्ने गरिन्छ । जस्तैः आर्थिक विकास, सामाजिक विकास, मानव संशाधन, भौतिक पूर्वाधार विकास इत्यादी । त्यसैले क्षमता विकास भन्नाले व्यक्ति वा संस्थामा रहेको कुनै काम गर्न वा नगर्न प्रयोग गरिने प्राधिकारको समुन्नत प्रयोग गर्न सक्ने गरी शक्ति सम्पन्न पार्ने प्रकृयालाई जनाउछ । कुनैपनि प्रणाली, स्थान, व्यक्ति तथा वस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो । त्यसैले, विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो । क्षमता विकासलाई योजनाबद्ध गर्नु पर्दछ र योजना भन्नाले

कुनै कुराको अठोट गरी अनुशासनमा बस्ने प्रकृयालाई जनाउछ । तसर्थ, क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति पर्दछन् ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ। उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ। रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरु बाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ। स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो यसै परिप्रेक्षमा यस भोटेकोशी गाउँपालिकाले पनि पारदर्शी, जवाफदेही र प्रभावकारी सेवा प्रवाह गर्न आफ्नो संस्थागत क्षमता का साथसाथै जनप्रतिनिधी र कर्मचारीहरुको समयानुकुल क्षमता विकास गरि सेवा प्रति नागरिक हरुको विश्वसनीयता र उच्च सन्तुष्टि स्थापित गर्न प्रदेश सुशासन केन्द्र वाग्मती प्रदेशको सहयोग र आर.आई.एन.सी.- ईकोकोड नेपाल र जेस (जेभी) को प्राविधिक सहजीकरणमा आगामी तीन वर्षको लागी यो क्षमता विकास योजना निर्माण गरि कार्यान्वयनमा ल्याएकोछ। क्षमता विकास योजना ले प्रस्तावित गरेका क्षमता विकासका कार्यक्रमहरु उपलव्ध श्रोत साधनका परिधी भित्र रहि प्राथमिकताका साथ क्रमिक रुपमा संचलन गर्दै लगिने छन ।

स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति (Supply) तथा मागमा (Demand) आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । यसो गर्नुको पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ । स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन पालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू गाउँपालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न गाउँपालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

## १.२ गाँउपालिकाको परिचय

नेपाल विश्व मानचित्रमा सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित शान्ति क्षेत्रको रुपमा चर्चित मुलुक हो । प्राकृतिक सम्पदाको रुपमा रहेको जलश्रोतमा विश्वकै ब्राजिल पछाडीको दोस्रो धनी राष्ट्रका रुपमा सुपरिचित छ । गौतम बुद्ध, अरनिको, सीता आदि विभूतिहरुले जन्म लिएको पवित्र पावन भूमि, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा रुपान्तरित कृषि प्रधान देश हो । नेपालको बदलिँदो राजनैतिक परिवर्तन पश्चात संघिय मुलुकमा रुपान्तरित भई ३ नं.

प्रदेश अन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्ला उत्तर तर्फ पर्ने चीनको स्वशासित क्षेत्र खासा नजिक रहेको पर्यटन तथा धार्मिक, साँस्कृतिक दृष्टिकोणले पवित्र पावन भूमिको रुपमा यस क्षेत्र रहेको छ। सिन्धुपाल्चोक जिल्लाका ९ वटा गा.पा. र ३ वटा नगरपालिका मध्येको भोटेकोशी गाउँपालिका एक हो ।

भोटेकोशी गाउँपालिका बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्लाको हिमाली गाउँपालिका अन्तर्गत पर्दछ । शिल्पकार अरनिको ई.सं. १२६० मा तिब्बतको ल्हासा चीनको राजधानी बेइजिङ जाँदा यही बाटो भएर गएकाले काठमाण्डौं देखि कोदारी सम्मको मोटरबाटोलाई निजकै सम्मानमा अरनिको राजमार्ग राखिएको हो । अंशुबर्माको छोरी भृकुटी तिब्बत जाँदा यही बाटो भएर गएकी थिइन् । कैलाश मानसरोवर जाने पर्यटकहरु यही बाटो भएर जाने गर्दछन् । भोटेकोशी गाउँपालिका समुद्र सतह देखि १५०० मिटर उचाईमा पर्दछ । गाउँपालिकाको कुल क्षेत्रफल २७८.३१ वर्ग कि.मी. रहेको छ । यसको पूर्वमा दोलखा, गौरीशंकर गाउँपालिका र चीन पर्दछ । पश्चिममा बाह्रबिसे नगरपालिका र जुगल गा.पा., उत्तरमा चीन, दक्षिणमा बाह्रबिसे नगरपालिका पर्दछ । भोटेकोशी गाउँपालिका साविकको गा.वि.स. लिस्तीकोट, तातोपानी, फुल्पिङकट्टी र मार्मिङ मिलाएर हाल ५ वडामा विभक्त छ । यस भोटेकोशी गाउँपालिकामा ४,४२९ घरधुरीमा कुल जनसंख्या १७,१५६ रहेको छ । गाउँपालिका भित्र खेती योग्य जमिन कम भएकाले निर्वाहमुखी, परम्परागत खेती गर्दछन् । अधिकाश मानिसहरु व्यापार, पशुपालन, नोकरी र वैदेशिक रोजगारमा संलग्न छन् । यहाँको मुख्य धर्म हिन्दु, बौद्ध र इसाई रहेको छ । यहाँका मानिसको मुख्य भाषा नेपाली हो । शेर्पा, तामाङ, नेवार र अन्य जातिको आफ्नो मातृभाषा रहेको छ । भोटेकोशी गाउँपालिकालाई यस गाउँपालिका भित्र रहेका लिस्तीमाई स्थान, पौ गुम्बा, आनी गुम्बा, भैरवकुण्ड, दुगुनागढी, तातोपानी धारा, तातोपानी नाका, नारायणस्थान मन्दिर, बन्जीजम्पले नेपालमा मात्र नभई विश्वमा चिनाउन सफल भएको छ । ठूला जलविद्युतको रुपमा भोटेकोशी, मध्य भोटेकोशी जलविद्युत आयोजना संचालन एवं निर्माणाधीन छन भने शिवश्री, हिमशिखर जलविद्युत आयोजना भने निकट भविष्यमा नै संचालनमा आउने क्रममा छन् । भोटेकोशी गाउँपालिका विमाण्डक ऋषि तथा श्रृङगी ऋषिले तपस्या गरेको तपोभूमी भएकोले ऐतिहासिक धार्मिक, पुरातात्विक पर्यटकिय सम्पदाको रुपमा परिचित छ भोटेकोशी गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको ९ वटा गाउँपालिका मध्येमा एक पर्दछ। यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरु छन्। हाल वडा नं १ मा लिस्तिकोट, वडा नं २ मा तातोपानी, वडा नं ३ मा तातोपानी वडा नं ४ मा फुल्पिङकट्टि र वडा नं ५ मा मार्मिङ रहेको छ। यहाँको जनसंख्या महिला १०४४६, पुरुष ९८२४ गरि कुल जनसंख्या २०२७०, घरधुरी ३६७५ (स्रोतः संरक्षण क्षेत्र ब्यवस्थापन समिति २०७३-७४) र जम्मा क्षेत्रफल २७८.३१९वर्ग कि.मी. रहेको छ। वडागत रुपमा जनसंख्याको वितरण हेर्दा वडा नं.१ मा ४७८२ जना, वडा नं. २ र ३ मा ६५१७ जना, वडा नं. ४ माम४४११ जना र वडा नं. ५ मा ४५६० जना रहेका छन्।

नेपाल र छिमेकी मुलुक चीन सँग जोडिने सबैभन्दा छोटो बाटो यही गाउँपालिकाको तातोपानी नाका हुदै जान्छ। यो क्षेत्र पर्यटकीय दृष्टिकोणले पनि धेरै चलेको छ कारण यहाँ बन्जि जम्प, राफिटिङ्, क्यानोइङ्, रक क्लाइबिङ इत्यादि गर्न सकिन्छ। यहाँ मनोरम दृष्य जस्तै झरना, खोला, नदीनाला, तातोपानीमा स्नान गर्नका साथै भिर मैरीको मह, घ्यू, छुपी, नौनी, यार्सागुम्बा पनि पाइन्छ।

## १.३ क्षमता विकास योजनाको आवश्यकता र औचित्य

विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन। सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्वको अभाव देखियो। त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा संस्थागत स्वमुल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पूर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ। यसैंको निरन्तरता स्वरुप तयार गरिएको यस क्षमता विकास योजनाको आवश्यकता तथा औचित्य निम्नानुसार रहेको छ :

- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न।
- नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग पुऱ्याउन।
- सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्न।
- संविधान र प्रचलित कानुनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि गाउँपालिकाको सवल र कमजोर पक्षहरुको पहिचान गर्दै देखिएका अन्तरालहरुको परिपूर्ति मार्फत सेवा प्रवाहमा प्रभावकारिता ल्याउन।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गर्न।
- आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न।
- मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गर्न।
- क्षमता विकास कार्यक्रमलाई प्रकृयाका रुपमा संचालन, कार्यान्वयन तथा प्रयोग गर्दै जान र आवधिक नीतिहरु अनुशरण गर्न।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी सुनिश्चित गर्न।

## १.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया

**भोटेकोशी गाउँपालिको क्षमता विकास योजना तर्जुमा गर्दा देहाय बमोजिमका विधि र प्रकृयाहरुको अबलम्बन गरिएको थियो :**

- क्षमता विकास योजना तर्जुमा सम्बनधमा गाँउपालिका प्रमुख सरोकारवालाहरुः निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत सहित शाखा प्रमुखहरु, गाउँपालिका अन्तर्गतका कर्मचारी र वडा सचिबहरुसंग छलफल तथा परामर्श गरिएको थियो ।
- गाँउपालिका सम्बद्ध सबै पक्षहरु (जनप्रतिनिधि, कर्मचारी र वडा कार्यालय) को प्रत्यक्ष सहभागितामा क्षमता विकाससंग सम्बन्धित रहेर विद्यामान क्षमताको अबस्था र अपेक्षित क्षमता विचको रिक्तताको सम्बन्धमा स्व-मूल्यांकन लेखाजोखा र स्व-महशुसिकरण गर्ने गराउने कार्य सम्पन्न गरिएको थियो ।
- गाउँपालिकाको मानव संसाधन संरचना (निर्वाचित जनप्रतिनिधिः अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्य, ऐन बमोजिमका समितिहरु र शाखागत कर्मचारीहरुको कार्यविवरणमा आधारित भई क्षमताको अन्तराल र आबश्यकता पहिचान गरिएको थियो । यसका लागि गाउँपालिकाले गरेको संस्थागत स्व-मूल्यांकन (LISA) लाई समेत प्रमुख आधार बनाइएको छ ।
- गाउँपालिकामा पहिचान भएका मानब संसाधन, संस्थागत तथा प्रणाली विकास अन्तरगतका कार्यक्रमहरुलाई समेटेर प्राथमिकताक्रम अनुसार पहिलो, दोश्रो र तेश्रो बर्ष उल्लेख गरेर त्रिबर्षिय क्षमता विकास योजना तयार गरिएको छ ।
- गाउँपालिकाको क्षमता विकास योजना अनुसार गाउँपालिका र विभिन्न स्रोत (संघिय सरकार, प्रदेश सरकार, प्रदेश सुसान केन्द्र, विकास साझेदार) बाट प्राप्त हुने सम्भावित योगदानको लेखाजोखा गरि ३ बर्षको कार्यक्रम सहित स्रोतको अनुमान गरिएको छ ।
- प्रारम्भिक त्रिबर्षीय क्षमता विकास योजना गाउँपालिका र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशमा पेश गरी तहाँबाट प्राप्त सल्लाह सुझाबहरुलाई समेत समेटेर अन्तिम रुप दिइएको छ ।

## १.५ क्षमता विकास योजनाका सिमाहरु

गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा स्थानीय तहको निर्वाचनको कार्यक्रमहरु समेत सुरु भै सकेको भएता पनि योजना तर्जुमा गर्ने कार्यमा गाउँपालिकाको उल्लेख्य सहयोग र सहकार्य तथा विज्ञ परामर्शदाताहरुको निरन्तरको खटाईले यो दस्तावेज तोकिएकै समय सीमाभित्र तयार गर्न सकिएको छ । यसका वावजुद पनि यो क्षमता विकास योजनाका केही सिमाहरु निम्न अनुसार रहेका छन :

- स्थानीय तहको निर्वाचनको मनोनयन दर्ताकै समयावधिका विचमा यो योजना तर्जुमाका लागि गाउँपालिका स्तरमा छलफल तथा अन्तरकृया गर्नुपर्दा अपेक्षाकृत रुपमा जनप्रतिनिधि र कर्मचारीहरुसंग अन्तरक्रिया हुन नसक्नु ।
- केही उपभोक्ता समितिका पदाधिकारी तथा सेवाग्राहीहरुसँग गाउँपालिकाको सेवा प्रवाहको अवस्थाबारे संक्षिप्त कुराकानी गरी गाउँपालिकाको सेवा प्रवाहको अवस्थाबारे जानकारी लिन सकियो ।
- यो क्षमता विकास योजना गाउँपालिकामा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधिहरुसँग गरिएको छलफल, अन्तरकृया र आवश्यक दस्तावेजहरुको अध्ययनको आधारमा तयार पारिएको भएता पनि यसमा सबै कर्मचारी र जनप्रतिनिधहरुको सहभागिता हुन नसकेकाले यसमा समूहगत स्वार्थले प्रभाव पारेको हुनसक्दछ ।
- यो क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तिय स्रोतको विनियोजन र उपलब्धताको सुनिश्चितता हुन बाँकी रहेको ।

## १.६ कार्यकारी सारांश

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ र प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशले तयार गरेको कार्यशर्तको अधिनमा रही प्रदेश सुशासन केन्द्रको आर्थिक सहयोग तथा RINC-ECOCODE Nepal-GES(JV) काठमाडौंको प्राविधिक सहयोगमा भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोकको यो त्रिबर्षीय (२०७९/०८०-२०८१/०८२) क्षमता विकास योजना तयार पारिएको हो ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगर गाउँपालिकाको कार्यविभाजन नियमावली र नेपाल सरकारले विभिन्न समयमा तर्जुमा गरेको नीति, निर्देशिका र मार्गदर्शनका आधारमा गाउँपालिकाले आफ्नो कार्यालय, वडा, सरोकारवाला, सेवाग्राही, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास गरी जनताका विकास निर्माणका आवश्यकता पूरा गर्न एवम् सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन सकिने विश्वास लिएको छ। विगतका अनुभव, विद्यमान क्षमता र आवश्यकता एवम् कार्य सम्पादन मूल्याङ्कनका आधारमा लक्षित वर्ग लगायत आम नागरिकलाई  स्थानीय तहले प्रदान गर्नुपर्ने सेवा सुविधा सहज रुपमा प्रदान गर्न गाउँपालिका लगायत आफ्नो क्षेत्रका सबै सेवाप्रदायक र सेवाग्राहीको समेत क्षमता अभिवृद्धि गर्ने उद्देश्यबाट यो त्रीवर्षिय क्षमता विकास योजना २०७९ निर्देशित छ । गाउँपालिका अध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव र कर्मचारी समेतको उपस्थितिमा क्षमता विकासको विद्यमान अवस्था, अन्तराल, सामूहिक तथा व्यक्तिगत छलफल एवं अन्तरक्रिया गरी प्राप्त राय सुझावहरुका आधारमा यो त्रीवर्षिय क्षमता विकास योजनाको मस्यौदा तयार पारिएको छ । यसरी सामुहिक छलफल, अन्तरक्रिया, कर्मचारी एवं सेवाग्रहीहरुसंगको व्यक्तिगत छलफलबाट प्राप्त सुझावहरुलाई समेत समेटी यस भोटेकोशी गाउँपालिकाकाको त्रीवर्षिय क्षमता विकास योजना (२०७९/०८०-२०८१/०८२) तयार गरिएको छ । प्रस्तुत क्षमता विकास योजना भोटेकोशी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, वडा कार्यालय, विषयगत शाखा, सेवा प्रदायक संस्था, गैसस,

उपभोक्ता समिति, निजी क्षेत्र, नागरिक समाजका संस्थाहरुको समेत क्षमता विकासका लागि मुख्य क्रियाकलाप तथा सो भित्रका सहायक क्रियाकलापहरुलाई समेत समेटी भौतिक स्रोत, नीति-नियम तथा निर्देशिकाहरू, मानव-स्रोत व्यवस्थापन एवम् क्षमता अभिबृद्धिका लागि विभिन्न प्रकारका तालिम, कार्यशाला, गोष्ठी, भ्रमण एवम् अन्तरक्रियात्मक छलफल/बैठकहरूको खाका प्रस्तुत गरेको छ । साथै योजना कार्यान्वयन गर्न तिन वर्षको लागि कूल रु. ३२,१५०।- हजारको बजेट प्रस्ताव गरिएको छ । कूल अनुमानित वजेटमा रु. २२,३५० हजार गाउँपालिकाको आफ्नै श्रोत र रु. ९,८०० हजार बाह्य वाह्य श्रोतबाट जुटाउने गरि प्रस्ताव गरिएको छ ।  तिन वर्षमा सम्पन्न गर्ने गरी तयार पारिएको मागमा आधारित यस क्षमता विकास योजनाको पूर्ण कार्यान्वयनमा गाउँपालिकाका तथा अन्य सरोकारवाला निकायहरुको महत्वपूर्ण भूमिका रहने अपेक्षा गरिएको छ ।

# परिच्छेद :२ गाउँपालिकाको क्षमता विकास नीति तथा कार्यनिती

## २.१ क्षमता विकासका लागि गाउँपालिकाले अंगिकार गरेका नीतिहरु

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुरुप स्थानीय सरकारले सेवा प्रवाह मार्फत जनतालाई सुशासनको प्रत्याभूति दिलाउने कुराको सुनिश्चितता प्रदान गर्नका लागि समय सापेक्षरुपमा विकास भै रहेको प्रविधि, ज्ञान, सीपलाई अंगिकार गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न पक्कै पनि संस्थागत तथा मानव संशाधन तर्फ क्षमता विकास गर्नु अपरिहार्य हुन्छ। भेटेकोशी गाउँपालिकाको क्षमता विकास सम्बन्धी छुट्टै नीति नभएता पनि गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा क्षमता विकास सम्बन्धी नीतिहरु उल्लेख गरेको छ। जस अनुसार, आ.व. ०७८।७९ को आफ्नो वार्षिक नीति, कार्यक्रम र बजेटमा क्षमता विकास सम्बन्धी निम्नानुसारको नीतिहरु उल्लेख गरेको छ :

- गाँउपलिकाको कार्य बोझलाइ कम गर्न आवश्यक्ता अनुसारको दरबन्दि सृजना गरी कर्मचारी अभाव परिपूर्ति मार्फत छिटो छरीतो सेवा प्रवाह पद्धतिको अबलम्बन गरिनेछ।
- कर्मचारि क्षमता अभिबृद्धि गर्न कम्तिमा १५ दिनको विषयगत तालिम संचालम गरिनेछ।
- कर्मचारिहरुलाई काम प्रति उत्प्रेरित गर्न तथा उपभोक्ता समितिलाई विकास प्रति जागरुक गराउन पुरस्कृत तथा सम्मान गर्ने।
- आयोजनाहरुको गुणस्तर अभिबृद्धि गर्न र वित्तिय जोखिमलाई न्युनिकरण गर्न स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिलाई सक्रिय तुल्याउने।
- सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ। बैक मार्फत स्थानीय समुदायमा लाभग्राहीहरुलाई भत्ता वितरण प्रक्रिया स्थापित गरी सरल, सहज एवं पारदर्शी बनाईनेछ।
- गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन, संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ।
- सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईने साथै प्रत्येक वडा कार्यालयमा विद्युतिय माध्यमबाट सेवा प्रवाह संचालनमा जोड दिईनेछ।
- गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत निर्वाचित पदाधिकारी, कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न अतिरिक्त समय कामकाज गरेबापत प्रोत्साहन भत्ता उपलब्ध गराउने।

## २.३ क्षमता विकासका लागि पछिल्ला तीन वर्षमा गरेको वजेट विनियोजन

यस भोटेकोशी गाउँपालिकाको आफ्नो सेवा प्रवाहलाई प्रभावकारी वनाउन तथा सुशासन प्रवर्द्धन, जवाफदेही र सेवामा गुणस्तरियता कायम गर्न उपलब्ध जनशक्तिको क्षमता विकासका लागि वार्षिक रुपमा विभिन्न क्षमता विकासका कार्यक्रमहरुमा वजेट विनियोजन गरि प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरेको छ । गाउँपालिकाले पछिल्ला तीन आर्थिक वर्षहरुमा क्षमता विकासका लागी गरेको प्रयत्न र विनियोजन गरेको वजेट निम्नुसार रहेको छ ।

***तालिका नं. १ भोटेकोशी गाउँपालिकाको विगत तीन आ.व.को क्षमता विकास बजेट***

| आ.व. | बजेट रु. | मुख्य मुख्य क्रियाकलापहरु |
|---|---|---|
| आ.व.०७६।०७७ | १,००,९०,००० (२.२१%) | जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई computer software तालिम, अध्ययन अवलोकन भ्रमण, ल्यापटप खरिद, ICT तालिम, न्यायिक समिती र मेलमिलापकर्ता लाई तालिम, सबै वाडमा टेलिफोन तथा ईन्टरनेट जडान, ब्यक्तिगत घट्ना दर्ता र सामाजिक सुरक्षा भत्ता अन्लाइन तालिम, कर्मचारी प्रोत्साहन तथा सम्मान |
| आ.व.०७७।०७८ | १,०३,५०,००० (३.७%) | |
| आ.व.०७८।०७९ | १,०२,००,००० (१.९९%) | |

उपरोक्त बजेटलाई विष्लेषण गर्दा आर्थिक बर्ष ७७/७८ मा भन्दा ७८/७९मा कुल बजेट बृद्धि हुँदा पनि क्षमता विकासका कार्यक्रमका लागि कम वजेट विनियोजन भएको देखिन्छ ।

## २.४ क्षमता विकाका लागी संचालित कार्यक्रमहरु

संस्थागत क्षमता विकास तथा मानव संसाधनको क्षमता विकासका लागि यस गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आवश्यक नीतिगत व्यवस्था तथा कार्यक्रमगत रुपमा वजेट विनियोजन गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएता पनि सुशासन प्रवर्द्धन र सेवामा गुणस्तरियता तथा प्रभावकारिता कायम गर्न अझै थुप्रै प्रयत्नहरु गर्न आवश्यक छ। पछिल्ला तीन आर्थिक वर्षहरुमा संचालित क्षमता विकासका कार्यक्रमहरु निम्न अनुसार रहेका छन ।

***तालिका नं. २ : भोटेकोशी गाउँपालिकामा विगत तीन वर्षमा सञ्चालन भएका क्षमता विकासका मुख्य मुख्य कार्यक्रमहरु***

| आ.व.०७६।०७७ | आ.व.०७७।०७८ | आ.व.०७८।०७९ |
|---|---|---|
| • विभिन्न शाखा हरुका लागी ल्यापटप तथा प्रिन्टर खरिद<br>• कर्मचारीहरुका लागी कार्यालय व्यवस्थापन तालिम<br>• जनप्रतिनिधीहरुका लागी क्षमता विकास तालिम<br>• कर्मचारी क्षमता विकास तालिम<br>• शिक्षकहरुका लागी विषयगत तालिम<br>• व्यवसाय दर्ता शिविर संचालन<br>• ल्याव व्यवस्थापन तालिम<br>• सवारी सधान खरीद | • सबै वडा कार्यालयहरुमा टेलिफोन लाइन जडान ।<br>• कार्यालय फर्निचर तथा उपकरण<br>• विभिन्न विषयगत समिति तथा उप समितिका पदाधिकारीहरुलाई तालिम<br>• शाखाका कर्मचारीहरुलाई ICT तालिम<br>• सहकारी संस्थाहरुका लागी सहकारी व्यवस्थापन तालिम<br>• कार्यालयका कम्प्युटर, प्रिन्टर खरिद<br>• अध्ययन अवलोकन भ्रमण | • सुचिकृत मेलमिलापकर्ताहरु लाई न्याय निरुपण सम्बन्धी तालिम<br>• प्राविधिक तथा लेखााका कर्मचारीहरुलाई ई विडिङ सम्बन्धी तालिम<br>• कर्मचारी कोभिड जोखिम भत्ता वितरण<br>• सामाजिक परिचालक प्रोत्साहन भत्ता<br>• ICT तालिम<br>• सफ्टवेयर जडान,<br>• अध्ययन अवलोकन भ्रमण |

# परिच्छेद : ३ पालिकाको विद्यमान मानव तथा संस्थागत अवस्था

## ३.१ गाउँपालिकामा विद्यमान मानव संसाधनको अवस्था

संविधान प्रदत्त अधिकार र स्थानयि सरकार संचालन ऐन, २०७४ ले प्रवन्ध गरेको व्यवस्था अनुरुप सेवा प्रवाहमा नागरिकहरुको सन्तुष्टिलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान मानव ससांधन (उपलव्ध जनाशक्ति) को महतवपुर्ण भूमिका रहन्छ । यसै तथ्यलाई आत्मसात गर्दै यस गाउँपालिकाले आफ्नो संगठनात्मक संचनाको सर्वेक्षण गरि संगठनको स्वरुप र जनशक्तिको यकिन गरि सोहि अनुरुप उपलव्ध जनशक्तिको कार्यविभाजन तथा जिम्मेवारी वांडफांड गरेको छ। गाउँपालिकाको स्वीकृत दरवन्दी र कार्यरत जनशक्तिको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

***तालिका ३ : भोटेकोशी गाउँपालिकाको विद्यमान जनशक्ति दरवन्दी र पदपूर्तिको अवस्था***

| क.स. | संगठनात्मक संरचना अनुसार स्वीकृत स्थायी दरवन्दी | संख्या | पदपुर्तीको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | पदपुर्ती | रिक्त | |
| **क** | **गाउँ कार्यपालिकाको कार्यालय तर्फ** | | | | |
| १ | प्रमुख प्रसाशकीय असधकृत (रा.प.तृतीय/आठौं तह) | १ | १ | ० | |
| २ | ईन्जिनियर (सातौं/आठौं तह) | १ | १ | ० | |
| ३ | अधिकृत, शिक्षा (सातौं/आठौं तह) | १ | १ | ० | |
| ४ | अधिकृत, प्रशासना (सातौं/आठौं तह) | २ | १ | १ | |
| ५ | अधिकृत, प्रशासन (छैठौं तह) (एक जना लेखा) | १ | ० | १ | प्रशासन खाली |
| ६ | आन्तरिक लेखा परिक्षक (पाचौं तह) | १ | १ | ० | |
| ७ | सहायक (पाचौं तह) | ४ | ३ | १ | |
| ८ | कम्प्युटर अपरेटर (चौथो तह) | १ | १ | ० | |
| ९ | लेखा सहायक (पाचौं तह) | १ | १ | ० | |
| १० | प्रा.स., शिक्षा (पाचौं तह) | १ | १ | ० | |
| ११ | हे.अ., स्वास्थ्य (पाचौं/छैठौं तह) | १ | १ | ० | |
| १२ | सव ईन्जिनियर (पाचौं तह) | १ | १ | ० | |
| १३ | अ. सव ईन्जिनियर (चौथो तह) | ४ | २ | २ | |
| १४ | सहायक महिला विकास निरिक्षक (चौथो तह) | १ | १ | ० | |
| १५ | खा.पा.स.टे. (चौथो तह) | १ | १ | ० | |
| **ख** | **वडा कार्यालय तर्फ** | | | | |
| १ | सहायक(पाचौं तह) | ५ | २ | ३ | |
| २ | सव ईन्जिनियर (पाचौं तह) | २ | १ | १ | |
| ३ | अ. सव ईन्जिनियर (चौथो तह) | ३ | २ | १ | |
| ४ | सहायक(चौथो तह) | ३ | १ | २ | |

उपरोक्त विवरण अनुसार यस गाउँपालिकाको कुल दरवन्दी संख्या ३५ जना रहेकोमा २३ जना स्थायी पदपूर्ति भएको अवस्था छ। यस देखि बाहेक १२ जनालाई विभिन्न पदमा करार सेवामा लिइएको छ । स्वीकृत स्थायी दरवन्दी भित्रका पदपूर्ति हुन बाँकी कर्मचारी यथासक्य पदपूर्ति गरी कर्मचारी रिक्ततालाई पूरा गर्नु पर्ने देखिन्छ ।

## ३.२ गाउँपालिकाको समग्र संस्थागत विकासको अवस्था (सवल र सुधार गर्नुपर्ने पक्ष)

भोटेकोशी गाउँपालिकाको प्रशासनिक भवन निर्माणाधिन अवस्थामा रहेको छ भने सबै वडा कार्यालयहरुको आफ्नै भवन छ । हाल प्रयोग भै रहेको गाउँपालिकाको प्रशासनिक भवन पर्याप्त छैन, एक भन्दा बढी भवनबाट सेवा प्रवाह भै रहँदा सेवाग्राही तथा कर्मचारीहरुलाई असहज महशुस हुने गरेको छ । यसका बावजुद पनि गाउँपालिकाले सकेसम्म सेवाग्राही तथा कर्मचारीलाई सहज हुने हिसाबले आवश्यक फर्निचर, सवारी साधन, कम्प्युटर लगायतका सामग्रीहरुको व्यवस्था गरेको छ। यसैगरी जनशक्ति व्यवस्थापन तर्फ दरवन्दी अनुसारकै जनशक्ति नभएता पनि करार सेवा मार्फत जनशक्ति व्यवस्थापन एवं उनीहरुको समयसापेक्ष क्षमता विकास गर्दै आएको छ। नीति कानून तर्फ पनि एकल अधिकारक्षेत्र भित्रका २५ वटा कानून तर्जुमा भई कार्यान्वयमा रहेका छन् । यस गाउँपालिकाको समग्र संस्थागत विकासको अवस्थालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ४ : भोटेकोशी गाउँपालिकाको संस्थागत विकासको अवस्था विश्लेषण***

| (क) **सवल पक्ष (Strength)** | (ख) **कमजोर पक्ष (Weakness)** |
|---|---|
| • सुबिधा सम्पन्न गाउँपालिका भवन बन्दैगरेको र पाँच वटै वडा कार्यालयहरुको आफ्नै प्रशासकीय भवन तयार भै सकेको ।<br>• हाल सम्म २५ वटा ऐन, नियमावली, कार्यविधी तथा निर्देशिकाहरु तयार भै कार्यान्वयन भैरहेका<br>• आधारभूत सेवा वडा कार्यालयमार्फत नै प्रवाह गरिएको<br>• बिभिन्न समितिको गठन गरी नियमित रुपमा बैठक बस्ने गरेको ।<br>• गाउँ सभा र कार्यपालिका बैठकहरु व्यवस्थित तरिकाले संचालन गर्न कार्यविधि वनेको<br>• व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत हुने गरेको<br>• सामाजिक सुरक्षा र पञ्जीकरणका क्षेत्रमा घरदैलोमा नै सेवा<br>• साना तिना विवादको स्थानीयस्तरमा नै निरुपण र मेलमिलाप गर्ने काममा न्यायिक समिति क्रियाशील भएको<br>• प्रयटन, जलविधुत तथा वाणिज्यको उच्च सम्भावना भएको<br>• सामाजिक सुरक्षा भत्ताको बितरण बैंकिङ्ग प्रणाली मार्फत हुनु । | • स्वीकृत दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन हुन नसक्नु ।<br>• आवश्यकता अनुसारका कतिपय ऐन, नियमावली, कार्यविधी तथा निर्देशिकाहरु अझै वन्न नसकेको र वनेका कानुनहरुको समेत प्रभावकारी कार्यान्वयन हुन नसकेको ।<br>• अधिकांश कर्मचारीहरुमा सूचना प्रबिधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु ।<br>• गाउंपालिकाको आन्तरिक नियन्त्रण प्रणाली नभएको<br>• योजना तर्जुमा तथा प्राथमिकिकरणमा विषयगत समितिहरुको भुमिका अझै प्रभावकारी हुन नसकेको<br>• आवधिक विकास योजना नवनेको<br>• भौगोलिक विकटताका कारण भरपदी इन्टरनेट सेवाको अभाव ।<br>• राजश्व परामर्श समिति लाई प्रभावकारि रुपमा परिचालन गर्न नसक्नु<br>• कर्मचारी हरुको आचार संहिता नवनेको<br>• भौतिक पुर्वाधार, सामाजिक समावेशिकरण, वातावरण तथा विपद् व्यवस्थापन, सहकार्य र समवन्य जस्ता छेत्रहरुमा कोभिडको कारण प्रभावकारी काम हुन नसक्नु । |
| (ग) **अवसर (Opportunity)** | (घ) **चुनौती (Threats)** |

| | |
|---|---|
| • बागमती प्रदेश अन्तर्गतको प्रदेश सुशासन केन्द्र, बागमतीबाट स्थानीय तहको क्षमता विकास योजनामा यस गाउँपालिका छनौट हुनु एउटा अवसरको रुपमा पाइएको छ :–<br>• क्षमता बिकास तर्जुमाको लागि छनौट हुनु ।<br>• अधिकांश भुक्तानीहरु इ-पेमेन्ट माफर्त गर्न सकिने<br>• कानुन निर्माणमा ज्ञान र अनुभवको कमि भएतापनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाइदिएका नमूना कानुनका आधारमा अगाडि बढ्नुपर्ने अवस्था | • गाउँपालिकाले आफ्नो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन नसक्दा गन्तव्यको निर्क्यौल नहुनु ।<br>• शाखा प्रमुखसंग कार्यसम्पादन सम्झौता नभएको ।<br>• निजी , सार्वजनिक तथा गैरसरकारी संस्थासंगको नगद लागत साझेदारी कार्यक्रमहरु संचालन हुन नसक्नु ।<br>• हरेक बर्ष बेरुजुको रकम बढदै जानु ।<br>• सामुदायिक मेलमिलापलाई प्रवर्द्धन गरी स्थानीय तहमा नै न्यायको पहुँच सुनिश्चित गराउने कार्यलाई कतिपय सन्दर्भमा ‘इजलास’ वा ‘कानुनविद्’ को खोजीले थप चुनौति हुनु । |

## ३.३ कार्यालय पुर्वाधार तथा कार्यालय उपकरणको अवस्था

यस गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरु लाई व्यवस्थित गर्न, कार्य सम्पादनमा मितव्ययिता ल्याउन, समयको वचत गर्न तथा प्रविधि मैत्री सेवा प्रवाहका लागि आवश्यक उपकरण तथा औजारहरुको व्यवस्थापन गर्ने क्रममा रहेको छ। कार्यालयका रहेका उपकरणहरुको विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ :

***तालिका ५ : भोटेकोशी गाउँपालिकाको कार्यालय पूर्वाधार तथा कार्यालय उपकरणको अवस्था***

| क्र.स. | कार्यालय पुर्वाधार र उपकरणहरुको विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | **पुर्वाधारहरु** | | |
| 1 | गाउँपालिका कार्यालय भवन | बन्दै गरेको | हाल भाडाको भवनमा सञ्चालित |
| 2 | वडा कार्यालय भवनहरु | ४ वटा | वडा नं.२ र ३ एउटै भवनमा संचालित |
| 3 | विषयगत कार्यालय (पशु, कृर्षि, शिक्षा, स्वास्थ्य आदी) का भवनहरु | 5 | सबै वडाहरुमा स्वास्थ्य चौकी भएका |
| | **उपकरणहरु** | | |
| 1 | दमकल | 0 | |
| 2 | एम्बुलेन्स | १ | |
| 3 | मोटरसाइकल | १६ | |
| 4 | गाडी | २ | |
| 5 | फोटोकपी | १२ | |

| क्र.स. | कार्यालय पुर्वाधार र उपकरणहरुको विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| 6 | ल्यापटप | १६ | |
| 7 | कम्प्युटर | २२ | |
| 8 | प्रिन्टर | २० | |
| 9 | प्रोजेक्ट | २ | |
| 10 | ईन्टरनेट | ७ | |
| 11 | फर्निचर | | आवश्यकता अनुसार |
| | अन्य | | |

## ३.४ विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल

यस गाउँपालिकाको समग्र संस्थागत तथा मानव संसाधनको अवस्था विश्लेषण गर्दा कामको प्रकृति र चाप अनुसारको आवश्यक जनशक्ति व्यवस्थापन हुन सकेको देखिदैन, भौतिक संरचनाको हिसावले भाडामा कार्यलय संचालन रहेको हुदा पनि प्रयाप्त खुला ठाउँ भएका कार्यकक्षहरु नहुंदा काम गर्न र सेवाग्राहीहरुसंग आवश्यक छलफल तथा परामर्श गर्न कठिनाई हुने गरेकोछ, जसले गर्दा सेवाग्राही र सेवाप्रदायक वीचको अन्तरकृयामा अपेक्षित ध्यान दिन सकिएको छैन । सेवाग्राही र सेवा प्रदायक वीचको अन्तरकृयाले सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने भएकाले पनि सेवाग्राही र कर्मचारीलाई सहज हुने गरी कार्यकक्ष व्यवस्थापन गर्न जरुरी छ । समग्रमा विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराललाई तपसिल वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ६ : भोटेकोशी गाउँपालिकाको क्षमता विकासको विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल*

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| गाउँ सभाको व्यवस्थापन | ● गाउँसभा संचाालन कार्यविधी तयार भई सोही अनुसार गाउँसभा व्यवस्थित तरिकाले संचालन भएको हुनुपर्ने<br>● वर्षका कम्तीमा पनि दुई पटक सभा वसि आवश्यक नीति नियम , वजेट तथा कार्यक्रम र समसामयिक विषयमा छलफल भएको हुनुपर्ने | ● कार्यविधी तयार भएको<br>● समान्यतया गाउँसभा वर्षको एक पटक मात्रै वस्ने गरेको | ● गाउँसभामा सभाका सदस्यहरुले व्यापक रुपमा छलफलमा सहभागिता जनाउने परिपाटी विकास भै नसकेको<br>● गाउँसभा वस्नुपुर्व एजेण्डाहरु तयार गरि कार्यविधीमा तोकिए अनुसार अध्ययनका लागी निश्चित समय अगाडी सभा सदस्यहरुलाई दिने परिपाटी विकास भै नसकेको<br>● गाउँसभाका निर्णयहरु नियमित रुपमा गाउँपालिकाको वेव साईटमा सार्वजनिक हुने नगरेको |
| कार्यपालिका वैठक व्यवस्थापन तथा निर्णय प्रकृया | ● कार्यपालिका वैठक संचालन कार्यविधी तयार भई सोही अनुसार कम्तिमा पनि महिनाको एक पटक कार्यपालिका वैठक वसि समसामयिक विषयमा छलफल भई आवश्यक निर्णय हुने गरेको<br>● अघिल्लो वैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवश्था वारे समिक्ष भई आवश्यक सुधारात्मक निर्णयहरु हुने गरेको | ● कार्यपालिका वैठक भरसक महिनामा एक चोटी वस्ने प्रयत्न गरिएको | ● अघिल्लो कार्यपालिकाका निर्णयहरु पछिल्लो कार्यपालिकामा समिक्षा हुने परिपाटीको विकास हुन नसकेको<br>● कार्यपालिका वैठकले गरेका निर्णयहरु गाउँपालिकाको वेवसाईटका नियमित रुपमा सार्वजनिक हुने नगरेको |
| दूरदृष्टि र रणनीतिक (आवधिक तथा विषयक्षेत्रगत गुरु योजना वा एकिकृत) योजना | ● पालिकाको आवधिक योजना निर्माण भई सोही अनुसार वार्षिक योजना तर्जुमा भई नतिजामुखी योजनाहरु वन्ने गरेको<br>● विभिन्न विषयगत क्षेत्रका गुरु योजनाहरु निर्माण भई कार्यान्वयन भएको | ● आवधिक र विषय क्षेत्रअनुसारका गुरु योजनाहरु नवनेको<br>● यातायात (सडक) मापदण्ड वनेको | ● आवधिक तथा विषयगत क्षेत्र अनुसारका गुरुयोजनाहरु नवनेका कारण व्यवस्थित र चरणवद्ध विकास थालनी हुन नसकेको<br>● सडक मापण्ड तयार भएको भएता पनि कार्यान्वयनमा सहजिकरण नभएको |

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| | • गाउँपालिकाको एकिकृत तथा रणनितिक योजनाहरु वनि व्यवस्थित र चरणवद्ध विकासको थालनी भएको | | • वार्षिक योजना तर्जुमा प्रकृयालाई अझै व्यवस्थित र प्रभावकारी वनाउन नसकिएको |
| आवश्यक ऐन कानुन तर्जुमा र कार्यान्वयन | • नेपालको संविधानको अनुसुचि ८ का व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका क्षेत्रहरु तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले परिकल्पना गरे वमोजिमका आवश्यक कानुनहरु निमार्ण भई सोही अनुसार प्रभावकारी सेवा प्रवाह हुने गरेको<br>• गाउँ सभावाट पास भएका सवै कानुनहरु स्थानीय राजपत्र र पालिकाको वेवसाईटमा प्रकाशन भएको<br>• वनेका ऐन कानुन वारे कार्यपालिका पदाधिकारीहरु, सवै शाखागत कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण भएको | • हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ७ वटा निर्देशिकाहरु र १० वटा कार्यविधहरु गरि जम्मा २५ वटा आवश्यक कानुनहरु वनेको ।<br>• कानून तजूमा गर्ने दक्ष जनशक्ति नभएको (नमूना कानून वा बाह्य व्यक्तिको भर पर्नु पर्ने)<br>• स्वीकृत कानूनहरु पूर्ण रुपमा कार्यान्वयनमा जान नसकेको । | • मन्त्रालयबाट उपलब्ध गराईएका नमुना कानुनको परिधीभित्र रही २५ वटा कानुनहरु निर्माण भएको भएता पनि स्थानीय आवश्यकता अनुसार अन्य कानूनहरु तर्जुम ।गर्न नसकिएको<br>• वनेका कानुनहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको<br>• कानुनहरु निर्माण गरिएता पनि कार्यान्वयनका लागी आवश्यक संयन्त्र तथा क्षमता विकासका कार्यक्रमहरु नभएको |
| संगठन तथा व्यवस्थापन विकास | • गाउँपालिका कार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण गरि संगठन तथा व्यवस्थापन विकास योजना वनेको,<br>• संगठन तथा व्यवस्थापन विकास योजनाले निर्दिष्ट गरे अनुरुपका स्वीकृत दरवन्दी र जनशक्तिको व्यवस्थापन भई | • गाउँपालिका कार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण गरि संगठन तथा व्यवस्थापन विकास योजना नवनेको ,<br>• अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र | • गाउँपालिकाको कार्य प्रकृति र सेवा प्रवाहका क्षेत्र अनुसार संगठन तथा व्यवस्थापन विकास सर्वेक्षण गरि संगठन तथा व्यवस्थापन विकास योजना समयानुकुल अद्यावधिक नगरिएको,<br>• संगठन तथा व्यवस्थापन विकास योजनाले निर्दिष्ट गरे अनुरुपका स्वीकृत दरवन्दी र |

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| | प्रत्येक शाखालाई कार्यविवरण उपलब्ध गराईएको<br>• कार्यविवरणका आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखहरु वीच कार्य सम्पादन सम्झौता भएको र सोही आधारमा कार्य सम्पादन मुल्यांकन हुने गरेको | शाखा प्रमुखबीच कार्य सम्पादन सम्झौता नभएको । | जनशक्तिको व्यवस्थापन भई प्रत्येक शाखालाई कार्यविवरण उपलब्ध गराउन नसकिएको<br>• कार्यविवरणका आधारमा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुखहरु वीच कार्य सम्पादन सम्झौता नभएको र सोही आधारमा कार्य सम्पादन मुल्यांकन हुने परिपाटीको थालनी गर्न नसकिएको |
| वडा कार्यलय व्यवस्थापन | • सवै वडामा वडा सचिव र आवश्यकता अनुसार सहायक कर्मचारीहरु व्यवस्थापन भएको हुनु पर्ने ।<br>• वडा कार्यालयहरुमा सूचना प्रविधि पूर्वाधार तयार भएको । | • सबै वडा कार्यालयहरु आफ्नै भवनवाट संचालित रहेका<br>• विभिन्न कारणले (कर्मचारीहरुको न्युनता र सरुवा) ले वेलावेला वडा सचिव रिक्त रहदा सेवा प्रवाहमा केही असहजता हुने गरेको)<br>• गुणस्तरीय सूचना प्रविधि सेवा उपलब्ध नभएको । | • वडा कार्यलयमा आवश्यकता अनुसार स्थायी दरवन्दीको व्यवस्थापन गर्न नसकिएको<br>• वडा कार्यालयको सेवालाई अझै व्यवस्थित र छिटोछरितो वनाउन सुचना प्रविधिको विस्तार गर्न र सुचना प्रविधिवारे दक्षता अभिवृद्धि गर्न नसकेको । |
| न्यायिक समितीको कार्यप्रणाली तथा कार्य सम्पादन | • न्यायिक समितीको कार्य सम्पादन कार्यविधी निर्माण भई सोहि अनुरुप न्यायिक निरुपण तथा किनारा भएको<br>• न्यायिक समितिको सचिवालय स्थापना भएको<br>• न्यायिक सहजकर्ताको व्यवस्था गरिएको<br>• न्यायिक समितिको वार्षिक प्रतिवेदन गाउँ सभामा पेश भई छलफल हुने गरेको | • न्यायिक समितीको कार्य सम्पादन कार्यविधी निर्माण भई सोहि अनुरुप न्यायिक निरुपण तथा किनारा हुने गरेको<br>• न्यायिक समितिको सचिवालय स्थापना भएको<br>• न्यायिक सहजकर्ताको व्यवस्था गरिएको | • न्यायिक समितीको काम कर्तव्य र अधिकार वारे नयां निर्वाचित उपाध्यक्ष लगायत जननिर्वाचित पदाधिकारीहरु लाई अभिमुखिकरण गर्नुपर्ने |

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| | • सामुदायिक मेलमिलाप कर्ताहरु लाई सुचिकृत गरिएको | • न्यायिक समितिको वार्षिक प्रतिवेदन गाउँ सभामा पेश भई छलफल हुने गरेको<br>• सामुदायिक मेलमिलाप कर्ताहरु लाई सुचिकृत गरिएको | |
| विषयगत समिति तथा उप समितिहरुको परिचालन | • स्थानीय सरकार संचालन ऐन अनुसारका विभिन्न विषयगत समिति तथा उप समितिहरु गठन भई कृयाशील रहेका<br>• योजना तर्जुमा प्रकृयामा विषयगत समिति तथा उप समितिहरुको भुमिका प्रभावकारी रहेको | • विभिन्न विषयगत समितिहरु गठन भएका<br>• केवल वार्षिक योजना निर्माणको वेला मात्र प्रकृया पुरा गर्न वैठक वस्ने गरेका | • विभिन्न विषयगत समितिहरु गठन भएका तर सकृय नरहेका<br>• केवल वार्षिक योजना निर्माणको वेला मात्र प्रकृया पुरा गर्न वैठक वस्ने गरेका<br>• विषयगत समितिहरुको क्षमता विकास विकास गर्नुपर्ने |
| समाजिक समावेशीकरण तथा निर्णय प्रकृयामा सहभागिता | • समाजिक समावेशीकरणलाई मुलप्रवाहिकरण गर्न लैंगिक समानता तथा समाजिक समावेशीकरण नीति वनेको<br>• लैससास शाखा तथा फोकल व्यक्ति चयन भएको<br>• वार्षिक रुपमा लैससास परिक्षण र र्लगिक उत्तरदायी वजेटिंग भएको हुनुपर्ने<br>• योजना तर्जुमाका हरेका चरणहरु र निर्णय प्रकृयामा सहभागितात्मक पद्धती अवलम्वन गरेको | • लैससास नीति नवनेको<br>• लैससास सम्पर्क व्यक्ति चयन गरिएको | • लैससास नीति/रणनीति वनाउनु पर्ने<br>• वार्षिक रुपमा लैससास परिक्षण गर्नुपर्ने<br>• लैंगिक उत्तरदायी वजेटिंग पद्धती अवलम्वन गर्नुपर्ने<br>• लैससासबारे कर्मचारी र जनप्रतिनिधि दुवैको क्षमता विकास हुनुपर्ने |
| सहकार्य, समन्वय तथा साझेदारी | • समन्वय, सहकार्य र साझेदाीताका लागी साझा सरोकारका क्षेत्रहरु पहिचान गरिएको | • आवश्यकता अनुसार समन्वय , सहकार्य तथा साझेदारी गर्ने गरेको | • समन्वय, सहकार्य र साझेदाीताका लागी साझा सरोकारका क्षेत्रहरु पहिचान गरि |

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| | • समन्वय सहकार्य र साझेदारिका लागी रणनैतिक नीतिहरु वनेको र संघ, प्रदेश तथा अन्य स्थानीय तहहरु संग कार्यगत सम्वन्ध स्थापना | | नियमित रुपमा समन्वय सहकार्य तथा साझेदारिता प्राथमिकता दिनुपर्ने<br>• समन्वय सहकार्य र साझेदारिका लागी रणनैतिक नीतिहरु नवनेकोले आवश्यक रणनैतिक नितीहरु वनाएर सोही अनुरुप सम्वन्ध स्थापित गर्दैजाने |
| पारदर्शिता तथा गुनासो सुन्ने प्रणाली | • परदर्शिता तथा सुशासन प्रवर्धनका लागी सुशासनमा औजारहरुको नियमित र प्रभावकारी प्रयोग भएको<br>• सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, वार्षिक समिक्षा, प्रगति प्रतिवेदनहरुको प्रकाशन लगायतका विधी र प्रकृयाहरुको अवलम्वन भएको<br>• गुनासो सुन्ने र सुचना अधिकारी तोकीएको | • गुनासो सुन्ने अधिकारी र सुचना अधिकारी तोकिएको<br>• वेवसाईट तथा फेसवुक पेज अपडेट गर्ने गरिएको | • सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण नागरिक वडापत्र, गुनासो पेटिका, नागरिक अभिमत पत्र लगायतका सुशासन प्रवर्धनका औजारहरुको प्रयोग गर्नुपर्ने<br>• सुशासन तथा सदाचार प्रवर्धनका लागी निती तथा कार्यविधी वनाएर सेवामा नागरिक हरुको सन्तुष्टि वढाउन पहल गर्नुपर्ने<br>• कार्यपालिका र सभाका हरेक निर्णयहरु वेवसाईटमा सार्वजनिक गर्ने परिपाटी नबसेकोले त्यस्तो परिपाटी वसाल्नुपर्ने |
| अनुगमन तथा मुल्यांकन | • अनुगमन तथा मुल्यांकन संयन्त्र प्रभावकारी भएको<br>• उपाध्यक्ष ज्युको् अध्यक्षताको अनुगमन समिती सकृय रहेको<br>• हरेक विकास निर्माणका कामहरुको नियमित अनुगमन हुने गरेको<br>• अनुगमन समितिको प्रतिवेदन माथी कार्यपालिका वैठकमा छलफल हुनेगरेको | • उपाध्यक्ष ज्युको अध्यक्षतामा अनुगमन समिति वनेको र योजना फरफारक पूर्व अनुगमन हुने गरेको | • अनुगमन समतिको प्रतिवेदन माथी छलफल गर्ने र आवश्यक सुधारात्मक कदमहरु चाल्ने परिपाटीको विकास हुनुपर्ने<br>• अनुगमन समितिका पदाधिकारी हरुको क्षमता विकास गर्नुपर्ने |

| क्षमता विकासका क्षेत्रहरु | अपेक्षित क्षमता | वर्तमान क्षमता स्थिती | क्षमता न्युनता (अन्तराल) |
|---|---|---|---|
| संस्थागत मुल्य मान्यता | • संस्थागत मुल्य मान्यता स्थापित भई आफ्नो वेग्लै पहिचान कायम भएको | • संस्थागत मुल्यमान्यता स्थापित हुन नसकेको | • संस्थागत मुल्यमान्यता स्थापित हुन नसकेको |

# परिच्छेद : ४ क्षमता विकास योजनाको लक्ष्य तथा उद्देश्य

## ४.१ क्षमता विकास योजनाको लक्ष्य

गाउँपालिकाका पदाधिकारी, कर्मचारी, उपभोक्ता समिति, गाउँपालिकासँग सहकार्य गर्ने विभिन्न गैसस लगायत अन्य सरोकारवाला लगायत समग्र गाउँपालिकाको समय सापेक्ष क्षमता अभिवृद्धि गरी स्थानीय सरकारको सेवा प्रवाह प्रणालीलाई समावेशी, जवाफदेही, मितव्ययी गुणस्तरिय तथा प्रभावकारी बनाउनु समग्र लक्ष्य रहेको छ । मुलभूत रुपमा आम नागरिकलाई प्रदान गरिने न्यूनतम सेवाहरु प्रदान गर्न विकासका सवै साझेदारहरुवीच उच्चस्तरको समन्वय र सहकार्य विकास गरी सहभागितात्मक बिकास अवधारणालाई संस्थागत गर्न गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने लक्ष्य पनि क्षमता विकास योजनाको रहेको छ । यसैगरी शासकीय स्तरमा अझ वढी सुधार र स्तरोन्नति गर्न विकास व्यवस्थापन, संगठनात्मक व्यवस्थापन, सुशासन एवं सेवा प्रवाह लगायतका क्षेत्रहरुमा क्षमता अभिवृद्धि गर्ने अर्को लक्ष्य हो । स्थानीय तह संस्थागत स्वमुल्यांकन प्रणालीका सूचकहरु प्राप्तिमा योगदान पुग्ने गरी संस्थागत तथा व्यवस्थापकीय क्षेत्रमा सुधार ल्याउने तथा बिकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप स्थानिय सरकार निर्माणको आधारस्तम्भ तयार गर्दै स्थानीय तह प्रतिको जनताको वढदो आकांक्षा पुरा गर्न सक्ने दक्षतायुक्त संरचनाका रुपमा गाउँपालिकालाई रुपान्तरित गर्ने यस योजनाको लक्ष्य रहेको छ ।

## ४.२ उद्देश्य

क्षमता विकास योजनाको तयारीले गाउँपालिका तथा यसका विकास साझेदार संस्था एवं अन्य सरोकारवालाहरु समेतको कार्यसम्पादन स्तरमा सुधार ल्याई गाउँपालिकाले प्रवाह गर्ने सेवा सर्वसुलभ, गुणस्तरीय, मितव्ययी र वातावरणमैत्री बनाउने उद्देश्य लिइएको छ । यसैगरी यसको कार्यान्वयनबाट गाउँपालिका तथा सरोकारवाला निकायहरूको कार्यसम्पादन स्तरमा सुधार गर्ने, क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरूको एकीन भई सो को परिपूर्तिका लागि सरोकारवालाहरूलाई मार्ग दर्शन गर्ने, स्थानीय विकास प्रक्रिया, सेवा एवम् सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने लगायतका उद्देश्यहरु लिइएको छ । यस देखि बाहेक क्षमता विकास योजना तर्जुमा र कार्यान्वयनबाट हासिल गरिने निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- क्षमता विकासका कार्यहरुको गुणस्तर नियन्त्रण र त्यसको सुनिश्चितताको ब्यवस्था गर्न उपयुक्त संस्थागत संरचना तथा संयन्त्रको विकास गर्ने,
- वित्तीय अनुदान र अन्य सहयोगहरुको व्यवस्थापनको पूर्ण उपयोग गर्न स्थानीय तह संस्थागत स्वमुल्यांकन प्रणालीका सूचक अनुसार आवश्यक थप कार्य सम्पादन गर्ने,
- गाउँपालिका लगायत पालिका क्षेत्रका अन्य विकासका साझेदारहरुको क्षमता अभिवृद्धि गर्न क्षेत्रहरुको पहिचान गर्ने,
- सेवाग्राहीहरु र सेवा प्रदायकहरुको सोंच र क्षमतामा सकारात्मक परिवर्तन गरी सेवा प्रवाहमा अपनत्व र गुणात्मक सुधार गर्ने,

- गाउँपालिका क्षेत्रको आधारभुत सेवा प्रवाहमा संलग्न मानवीय संशाधनको दक्षतामा स्तरोन्नति गर्ने,
- सेवा प्रवाहको निम्ति आवश्यक पर्ने आधारभुत साधन, प्रणाली एवं प्रकृयामा सुधार तथा परिमार्जन गर्ने,
- सेवा प्रवाहको स्तरलाई सुधार गर्न स्थानीय नेतृत्वलाई अझ दक्ष बनाई उनीहरुको सहभागिता, ज्ञान, सीप र क्षमताको उच्चतम सदुपयोग गर्ने
- सेवा प्रवाह, विकास र सुशासनलाई दक्ष, समावेशी, पारदर्शी र प्रभावकारी बनाउने,
- सेवा प्रवाह, विकास र सुशासनमा विषयगत निकाय, गैसस, नीज क्षेत्र र नागरिक समाजको भूमिका र जवाफदेहिता बृद्धि गर्ने,

## ४.३ अपेक्षित नतिजा

यस गाउँपालिका भित्र क्रियाशील विकास साझेदार संस्था, नागरिक समाज र अन्य निकायविच समन्वय र सहकार्य विस्तार गरी सेवामा गुणस्तर कायम गर्ने, यस गाउँपालिकाको संस्थागत विकास तथा व्यवस्थापनमा सुदृढिकरण, सेवा प्रवाहका लागि संगठनात्मक क्षमतामा स्तरोन्नति, अध्यावधिक सूचना व्यवस्थापन, जनमैत्री सेवा प्रवाह, वित्तीय स्रोतको परिचालन र व्यवस्थापनमा सुधार, अनुदान तथा थप अनुदानमा बृद्धि, जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुको दक्षतामा बृद्धि, सहभागितात्मक विकास योजना सुदृढीकरण तथा संस्थागत, समावेशीकरणमा योगदान का साथसाथै गाउँपालिकाको समग्र सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता तथा शुसाशन स्थापित गर्न मदत मिल्ने अपेक्षा लिईएकोछ ।उपर्युक्त उद्धेश्य हरुलाई बुदागतरुपमा निनम अनुसार उल्लेख गरिएको छ ;

- गाउँपालिकाबाट तयार हुने आर्थिक तथा वित्तिय एवं भौतिक प्रतिवेदनहरुको गुणस्तरमा अभिबृद्धि भई समयबद्ध एवं सार्वजनीकिकरण हुनेछन् ।
- संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल बर्तमान स्थिति लेखाजोखा साथै गाउँपालिकाले मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- माग र आपूर्तिको आधारमा गाउँपालिकाले मानवीय संसाधन विकासको श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- कर्मचारीको रुची, चाहना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।
- मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ बर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- गाउँपालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालहरुलाई उनीहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुने अवसर प्राप्त हुनेछ ।

# परिच्छेद : ५ क्षमता विकास आवश्यकता विश्लेषण

भोटेकोशी गाउँपालिकाको क्षमता विकास आवश्यकता विश्लेषण गर्नका लागि गाउँपालिकामा आयोजित कार्यशाला गोष्ठी, समूहगत छलफल, व्यक्तिगत अन्तरवार्ता, मेटा कार्ड मार्फत अपेक्षा संकलन लगायतका विधिहरु अपनाइएको थियो । जस अनुसार आवश्यकता विश्लेषण गर्दा जनप्रतिनिधिस्तर, समिति तथा उपसमितिस्तर, शाखागत कर्मचारीस्तर, संस्थागत क्षमता स्वमूल्याँकनको विषयक्षेत्र र सूचक अनुसार कमजोर सूचकहरु र संविधानको अनुसूची ८ मा उल्लेखित अधिकार र कार्य सम्पादनको अवस्थाको छुट्टा छुट्टै विश्लेषण गरिएको थियो । जसको विस्तृत विवरण निम्न बमोजिम रहेको छ :

## ५.१ जनप्रतिनीधी स्तर

जननिर्वाचित प्रतिनिधि (गाउँ सभा, कार्यपालिका तथा वडा समिति सदस्य) हरुका लागी पहिचान गरिएका क्षमता विकास सम्वन्धि क्षेत्रहरु (तालिम तथा अभिमुखिकरण):

- स्थानीय सरकार संचालन ऐन २०७४, जारी हुने स्थानीय तह सम्वन्धी अन्य ऐनहरु र नेपालको संविधान २०७२ का विषयवस्तु; हाल सम्म वनेका ऐन तथा कानुनहरु;
- योजना तर्जुमा तथा बजेट विनियोजन पद्धती; श्रोत पहिचान तथा अनुदान परिचालन सम्वन्धि वर्तमान व्यवस्था; आर्थिक तथा प्रशासनिक व्यवस्थापन;
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, लैंगिक उत्तरदायि वजेटको अवधारणा; वालमैत्रि स्थानीय शासन अवधारणा; वातावरणमैत्री तथा पुर्ण सरसफाई सम्वन्धि अवधारणा;
- नेतृत्व विकास तथा सिकाई भ्रमण; समन्वय ,सहकार्य र साझेदारी विकास
- उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धि व्यवस्था; सामुदायिक मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन;

## ५.२ समिति तथा उप-समिति गठन,परिचालन र कृयाशिलता

- विषयगत समिति गठन तथा परिचालन; विषयगत समितिको काम कर्तव्य अधिकार सम्वन्धि अभिमुखिरण,
- राजश्व परामर्श समिति र श्रोत अनुमान समितिको सुदृढिकरण (तालिम तथा अभिमुखिकरण)
- न्यायिक समितिको काम कर्तव्य अधिकार, कार्यसम्पादन तथा कानुनी प्रकृया वारे अभिमुखिकरण

## ५.३ कर्मचारी स्तर

**क) व्यवस्थापकीय  क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखिकरण:** आधारभुत सेवाकालिन तथा विषयगत क्षेत्र अनुसारको तालिम, स्थानीय सरकार संचालन ऐन २०७४ वारे अभिमुखिकरण, गाउँपालिका स्वयंले तयारी गरि लागु भएका कानूनहरु, स्थानीय तह सम्वन्धि ऐनहरु र नेपालको संविधान २०७२ का विषयवस्तु, स्थानीय तहको सु-शासन व्यवस्थापन,श्रोत पहिचान तथा अनुदान परिचालन सम्वन्धि वर्तमान व्यवस्था,आर्थिक तथा  प्रशासनिक व्यवस्थापन,सामुदायिक मेलमिलाप तथा द्वन्द्ध व्यवस्थापन,लैगिंक समानता तथा सामाजिक समावेशिकरण, लैंगिक उत्तरदायि वजेटको अवधारणा,वालमैत्रि स्थानीय शासन अवधारणा,वातावरणमैत्री तथा पूर्णसरसफाई सम्वन्धि अवधारणा, योजना तर्जुमा, योजना प्राथमिकीकरण र श्रोत परिचालन,कार्यालय व्यवस्थाथपन,अनुगमन मुल्याङ्कन,योजनाको प्रभाव मूल्याङ्कन,फोहरमैला व्यवस्थापन,शहरी विकास तथा वातावरण व्यवस्थापन,समन्वय र साझेदारी विकास

**ख) ज्ञानवर्द्धक तालिम** : स्थानीय तह शासन संचालन तथा व्यवस्थापन सम्बन्धि र नेपालको संविधानमा भएको स्थानीय तह सम्वन्धि व्यवस्था, सुशासन प्रवर्धन,सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण,सामाजिक समावेशि विकास, मानव संशाधन विकास/व्यवस्थापन, सकारात्मक सोंच

**ग) वित्तिय व्यवस्थापन सम्बन्धि तालिम**: स्थानीय तहको वजेट तर्जुमा, स्थानीय तहको आन्तरिक लेखा परिक्षणस, स्थानीय तहको वित्तिय व्यवस्थापन, राजश्व परिचालन, जिन्सि तथा सम्पत्ति व्यवस्थापन, सार्वजनिक खरिद ऐन तथा व्यवस्थापन

**घ) सूचना व्यवस्थापनः प्राविधिक सिप/सूचना प्रविधि,लाइब्रेरी ब्यवस्थापन (ई लाइब्रेरी समेत)**: व्यक्तिगत घटना दर्ता तथा पंजिकरण ब्यवस्थापन(अनलाईन व्यक्तिगत घटना दर्ता समेत),भौगोलिक सूचना प्रणाली, वाह्य सम्वन्ध एवं संचार

**ङ) अन्य तालिम :** अग्नी नियन्त्रण,सामाजिक सुरक्षा कार्यक्रम,लैससास र लैगिंक उत्तरदायी वजेट,भवन आचारसंहिता तथा निर्माण सम्वन्धि मापदण्ड, प्रस्तावना तथा प्रतिवेदन लेखन, सार्वजनिक नीजि साझेदारी कार्यविधि आदी ।

## ५.४ विषय क्षेत्र अनुसार संस्थागत स्वमुल्यांकनमा कमजोर कार्यसम्पादन देखिएका क्षेत्रहरुको विश्लेषण

संस्थागत क्षमता स्वमूल्याँकनका विषय क्षेत्र अनुसार यस गाउँपालिकाले आ.व. ०७७१०७८ को संस्थागत स्वमूल्याङ्कनमा ४६.२५ अंक प्राप्त गरेको छ। जसलाई कमजोर अवस्था मानिन्छ। विषय क्षेत्र अनुसार स्वमुंल्यांकनमा प्राप्त अंक प्रतिशत तालिका नं ७ मा प्रस्तुत गरिएको छ।

***तालिका : ७ : भोटेकोशी गाउँपालिकाको संस्थागत स्वमुल्यांकन नतिजा (आ.व. ०७७१०७८***

| क्र.स. | शीर्षक | पूणांङ्क | प्राप्तांक | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | 9 | 7.5 | 83.33 |
| २ | संगठन तथा प्रशासन | 8 | 5.75 | 71.88 |
| ३ | वार्षिक वजेट तथा योजना तर्जुमा | 11 | 7 | 63.64 |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | 11 | 7 | 63.64 |
| ५ | सेवा प्रवाह | 16 | 7.5 | 46.88 |
| ६ | न्यायिक कार्यसम्पादन | 7 | 4.5 | 64.29 |
| ७ | भौतिक पुर्वाधार | 13 | 2.5 | 19.23 |
| ८ | समाजिक समावेशीकरण | 10 | 2 | 20.00 |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | 9 | 2 | 22.22 |
| १० | सहकार्य तथा समन्वय | 6 | 0.5 | 8.33 |
| **जम्मा** | | 100 | 46.25 | |

उपरोक्त तालिका अनुसार सबैभन्दा बढी शासकीय प्रवन्ध अन्तर्गतका सूचकहरुमा ८३% आएको छ। त्यसपछि क्रमहः संगठन तथा प्रशासन, न्यायिक कार्य सम्पादन, वार्षिक वजेट तथा योजना, तर्जुमा, वित्तीय एवं आर्थिक व्यवस्थापनका सूचकहरुमा ६०% भन्दा बढी नम्बर आएको छ भने त्यसपछि क्रमशः सेवा प्रवाह, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सामाजिक समावेशीकरण, भौतिक पूर्वाधार र सबभन्दा सहकार्य तथा समन्वयमा ८.३३% मात्र नम्बर प्राप्त भएको छ। स्वमूल्याँकनमा कमजोर देखिएका विषयक्षेत्र र सूचकहरुलाई तालिका ८ मा उल्लेख गरिएको छ।

*तालिका नं. ८ संस्थागत क्षमता स्वमूल्याँकनका कमजोर सूचक र कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम :*

| **विषय सूचक** | **उपसूचक नं.** | **सूचकको व्याख्या** | **कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सपि, दक्षता)** | **क्षमता विकासको क्षेत्र (मानव संशाधन/ संस्थागत/ प्रणाली विकास)** |
|---|---|---|---|---|
| शासकीय प्रबन्ध | १.२.३ | आन्तरिक नियन्त्रण प्रणाली (स्थाससंऐ दफा ७८) | आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने । | प्रणाली विकास |
| संगठन तथा प्रशासन | २.२.१ | विषयगत विभाग। महाशाखा शाखा र उपशाखारएकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । (स्थाससंऐ दफा ८ अनुसार) | कार्य विवरण तयार गरी सबै शाखा र कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्ने । | प्रणाली विकास |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ३.३.१ | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा। | एकिकृत भुउपयोग योजना, यातायात गुरु योजना, वाताबरण व्यवस्थापन योजना समेत समाबेश गरि मा आधारित आवधिक योजना सहितको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गर्नु पर्ने । | प्रणाली विकास |
